आज मिति २०८२ वैशाख ७ गते दिउँसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ७९ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री ~~प्रेमबहादुर साउद~~, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन वहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरवहादुर वस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयवहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामवहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशवहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरवहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा वस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री मान बहादुर ठाडा, लेखा अधिकृत आठौ
श्री कृष्ण प्रसाद शर्मा, शाखा अधिकृत
श्री पुष्कर आचार्य, एम आई एस अपरेटर
श्री धनसरा वि.क., कार्यालय सहयोगी

CamScanner

| क. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा । |
| २ | कार्यविधि पारित गर्ने सम्बन्धमा । |
| ३ | विविध सम्बन्धमा । |

## मिति २०८२।०१।०७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १** : नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा ।

निर्णय नं. १. भेरीगंगा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनउपर व्यापक छलफल गरियो साथै आगामी कार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** : कार्यविधि पारित गर्ने सम्बन्धमा ।

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाका तपसिल अनुसारका नीति तथा कार्यविधिहरुको दफावार छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो साथै नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**तपसिल**

१. लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८१

२. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०८१

**प्रस्ताव नं. ३** : विविध सम्बन्धमा ।

**निर्णय नं. ३(क) :** नगरपालिकाको खरिद योजनामा रहेका तपशिलका योजनाहरु कोटेशन विधिबाट संचालन गर्ने भनि उल्लेख भएकोमा ती योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्नेगरी खरिद योजना संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो साथै वडा नं ४को रत्नराजमार्ग देखि मसिना जाने सडक मुख्यमन्त्री बजेटमा म्याचिङ शीर्षकमा विनियोजन भएकोमा उक्त योजना मुख्यमन्त्री म्याचिङ् मार्फत नभई एकल रुपमा उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपशिल**

१. राताडाँडा चिलढाले सडक ट्र्याक बिस्तार, भेरीगंगा ६ उपभोक्ता समितिबाट गर्ने ।
१. हिमाल टोलमा १५ एचपी को मोटर खरिद, भेरीगंगा ११ उपभोक्ता समितिबाट गर्ने ।

CS CamScanner

**<u>निर्णय नं. ३(ख)</u> :** यस भेरीगंगा नगरपालिका वडा नं. ९ मा LISP परियोजनाको साझेदारीमा निर्माण गर्ने गरी रकम विनियोजन भई ठेक्का प्रक्रियामा रहेको कुमारी बैंकदेखि गोलपार्क जोड्ने सडक स्तरोन्नती योजनामा प्रदेश सरकारबाट बजेट विनियोजन भई कार्य सुरु भएकोले उक्त योजनाको सुरु स्थान संशोधन गरी जहरे बजारको कुमारी बैंक पूर्वतर्फको सडक अन्तर्गत किशल खाजाघर रहने गरी सडकको नाम "किशल खाजाघर देखि गोल पार्क जोड्ने सडक स्तरोन्नती" रहने गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(ग)</u>:** सामुदायिक सेवा केन्द्र छिन्चुलाई जनचेतनामूलक कार्यक्रम संचालन गर्नका लागि चालु खर्चबाट रु ५० हजार आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(घ)</u>:** यस नगरपालिका अन्तर्गतका योजना सम्झौता गर्ने समयावधि वि.स.२०८२ वैशाख मसान्तसम्म र कार्य सम्पन्न गर्ने समयसिमा वि.स.२०८२ जेठ मसान्तसम्म तोक्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(ङ)</u>:** मानब सेवा आश्रम सुर्खेतलाई रु ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(च)</u>:** मालपोत कार्यालय मेहलकुनालाई एक वटा कम्प्युटर र एक वटा प्रिन्टर उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(छ)</u>:** पतन्जली योग समिति मार्फत छिन्चुमा योग शिविर संचालन गर्नको लागि चालु खर्चवाट रु ८० हजार रकम उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(ज)</u>:** राष्ट्रिय गौरवको आयोजना भेरीबबई डाईभर्सन बहुउदेश्यीय आयोजनालाई माग गरिए बमोजिम नियमानुसार नदीजन्य पदार्थको उत्खनन् गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(झ)</u>:** विश्व खाद्य कार्यक्रम WFP संगको साझेदारीमा संचालन गरिने विद्यालय दिवा खाजा कार्यक्रमको लागि यस नगरपालिकाको तर्फवाट म्याचिंग फन्डवाट रु १० लाख सहलगानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>निर्णय नं. ३(ञ)</u>:** भूमि समस्या समाधान आयोग अन्तर्गत भेरीगंगा नगरपालिकामा हालसम्म भएगरेका कामको समिक्षा गरियो साथै नगरपालिकाले भूमि सम्वन्धि कार्यलाइ प्राथमिकता दिई काम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner